का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २३०
❒ १८ असोज २०७८, सोमबार
❒ 4 October 2021, Monday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पद्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# ओली अनुकुल विधान संशोधन

प्रमुख विपक्षी दल नेकपा एमालेले पार्टी नेतृत्वमा केपी शर्मा ओलीलाई दोहोऱ्याउन सहज हुनेगरी विधान संशोधन गरेको छ । ७० वर्ष पार नगरेकाले उम्मेदवारी दिन पाउने व्याख्या गरेर ओलीलाई फेरि पनि अध्यक्ष दोहोऱ्याउन सहज बनाइएको हो ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ असोज ।

नेकपा एमालेले ७० वर्षे उमेर हद कायमै राख्ने भएको छ । आइतबार ललितपुरको गोदावरीमा सकिएको पहिलो विधान महाधिवेशनले सक्रिय राजनीति गर्ने उमेर हद कायमै राखेको हो । विधान संशोधन प्रस्ताव माथि सहभागी प्रतिनिधिहरुले उमेर हद तोक्ने विधान कायमै राख्नुपर्ने सुझाव राखेका थिए । प्रतिनिधिहरुको सुझाव पछि एमालेमा सक्रिय राजनीतिको उमेर हद कायमै रहने भएको छ ।

विधान महाधिवेशनको व्याख्या समेत गरेको छ । उपमहासचिव विष्णुप्रसाद पौडेलले उमेर हदको परिभाषा समेत महाधिवेशन हलमा प्रस्तुत गरेका थिए । "कुनै पनि कमिटीमा कार्यकारी पदमा रहन ७० वर्ष पूरा नहुँदासम्म उम्मेद्वार हुन पाउने र कार्यकालको बीचमा ७० वर्ष पूरा भएमा सो कार्यकालभरी जिम्मेवारीमा रहेर कार्य गर्न पाउने व्यवस्था गर्नुपर्छ", पौडेलले भने ।

उमेर हदको यो व्याख्याअनुसार, एमालेमा अध्यक्ष ओली फेरि पनि अध्यक्ष हुन बाटो खुलेको छ । यसअघि एमालेमा ७० वर्षे उमेर हद तोकिएपनि प्रष्ट व्याख्या थिएन । तर ७० वर्षे उमेर हदअनुसार, नवौं महाधिवेशनबाट सिद्धिलाल सिंह र भरतमोहन अधिकारीले सक्रिय राजनीतिबाट अवकाश लिएका थिए । तर यसपटक भने उमेर हदको व्याख्या गर्दै ७० वर्ष पार नभएको उल्लेख छ । मंसिरमा दशौं महाधिवेशन तय गरेको एमालेमा अब ओली फेरि अध्यक्ष बन्ने बाटो खुलेको छ । अध्यक्ष दोहोऱ्याउने यसअघि नै संकेत दिइसकेका छन् । केहीदिन अगाडि पत्रकारहरुसँग त्यस्तो संकेत दिएका हुन् । कक्षा नदोहोऱ्याउने भनेपनि अध्यक्ष भन्दा माथि पद नहुने भएकाले फेरि दोहोऱ्याउने बताएका थिए । आइतबार महाधिवेशन हलमा पनि ओलीले एमालेलाई बहुमत दिलाएर मात्रै अवकाश लिने बताए ।

मंसिरमा महाधिवेशन तोकिनु र उमेर हदको व्याख्या ७० वर्ष पार नभएको उल्लेख गरिनुले ओली अनुकुल विधान संशोधन गरिएको पुष्टि हुन्छ । किनकि ओली आगामी फागुनमा ७० वर्ष पार गर्छन् । ओलीलाई अनुकुल हुनेगरी विधान संशोधन गरिएको संकेत आइतबार पौडेलको गेस्चर नै दिए । भने, "करमेडहरुले बुझ्नुभयो होला ।" यति भनेपछि पौडेल हाँसे भने हलका सहभागीहरु पनि ।

तर यो व्यवस्थासँगै अनुशासन आयोगका अध्यक्ष अमृत बोहारा सक्रिय राजनीतिबाट विदा हुने भएका छन् । उनी ७२ वर्षका छन् । दशौं महाधिवेशनमा ओलीसँग प्रतिश्पर्धामा नउत्रिए आगामी महाधिवेशनबाट यी अन्य थुप्रै नेताहरुले अध्यक्षमा दावी गर्न पाउने छैनन् । दुई पटक महासचिव बनेका ईश्वर पोखरेल ६८ वर्षका छन् । अर्को महाधिवेशनबाट पोखरेलले सक्रिय राजनीतिबाट विदा लिनुपर्नेछ । उपाध्यक्ष युवराज ज्ञवाली ६७, उपाध्यक्ष अष्टलक्ष्मी शाक्य ६७६, सुवास नेम्वाङ ६७ वर्षका छन् । यी नेताहरुले अर्कोपटक अनिवार्य अवकाश रोज्नुपर्नेछ ।

यसपछि एमालेको नेतृत्वको दावेदार भीम रावल ६४, रघुजीपन्त ६३, विष्णुप्रसाद पौडेल ६२, सुरेन्द्र पाण्डे ६२, पृथ्वीसुब्बा गुरुङ ६२, भीम आचार्य ६१, घनश्याम भूसाल ५९, किरण गुरुङ ५९, शंकर पोखरेल ५८, विष्णु रिमाल ५८, छविलाल विश्वकर्मा ५८, गोकर्ण बिष्ट ५५, योगेश भट्टराई ५४ लगायत नेता हुनेछन् ।

## थपिए वरिष्ठ उपाध्यक्ष उपमहासचिव एकमात्र

काठमाडौं/मस- प्रमुख प्रतिपक्षी नेकपा एमालेले विधान संशोधन गरेको छ । ललितपुरको गोदावरीमा सकिएको विधान महाधिवेशनले विधान संशोधन गरेको हो । उपमहासचिव विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको विधान संशोधन मस्यौदा माथि छलफल पछि विधान संशोधन भएको छ । संशोधित विधान अनुसार, एमालेमा १५ पदाधिकारी कायम हुनेछ । संशोधित विधानमा एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, चार उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव र सात सचिव रहनेछ । विधान महाधिवेशन हलमा प्रस्तुत मस्यौदामा पाँच उपाध्यक्ष रहने व्यवस्था थियो भने उपमहासचिव पद हटाइएको थियो ।

नवौं महाधिवेशनमा विधान संशोधन गरी एक अध्यक्ष, पाँच उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव र पाँच सचिवको व्यवस्था गरिएको थियो । तर त्यसलाई हटाउँदै पौडेलले एक अध्यक्ष, पाँच उपाध्यक्ष, एक महासचिव र ६ जना सचिवको प्रस्ताव गरेका थिए । महाधिवेशन हलबाट बरिष्ठ उपाध्यक्ष र उपमहासचिवको व्यवस्था गर्न माग गरिएको थियो ।

अत्यसैअनुसार, संशोधित प्रतिवेदन पौडेलले हलमा प्रस्तुत गरेका थिए । संशोधित विधानअनुसार, एमालेको केन्द्रीय कमिटी संख्या २२५ रहनेछ । प्रदेश, जिल्ला र स्थानीय तहको कमिटी संख्या पनि निर्धारण गरिएको छ । प्रदेश कमिटीमा ५० जना आधार संख्या हुनेछ भने प्रत्येक प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट १५ जना थप हुनेछन् । जिल्ला कमिटीको आधार संख्या पनि ५० जना नै हुनेछन् । प्रदेश निर्वाचन क्षेत्रबाट थप १५ जनाका दरले थपिनेछ ।

स्थानीय तहमा पनि ५० जना आधार संख्या हुनेछ भने प्रत्येक वडाबाट पाँच जना थपिनेछ । वडा कमिटीमा महानगरपालिकामा १०१, उपमहानगपालिकामा ८५, नगरपालिका र गाउँपालिकामा ७५ कमिटी जना रहनेछन् । सबै कमिटीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने भएको छ । विधान महाधिवेशनले अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक, महासचिव ईश्वर पोखरेलले प्रस्तुत गरेको संगठनात्मक र उपमहासचिव पौडेलले प्रस्तुत गरेको विधान संशोधन प्रतिवेदन पारित गरेको छ । एमालेको दशौं महाधिवेशन मंसिर १०-१२ सम्म तोकिएको छ ।

# स्पष्टीकरण सोधिन्छ कारबाही गरिन्न




**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ, १७ असोज ।

औषधि व्यवस्था विभागले एक वर्षको अवधिमा गुणस्तरहीन औषधि उत्पादन र बिक्री वितरण गर्ने २८ कम्पनीलाई कारवाही गर्ने चेतावनी दिएको छ । चेतावनी दिएका मध्ये २४ नेपाली र ४ वटा भारतीय औषधि उद्योग छन् ।

पटक-पटक कारबाहीको धम्की दिए पनि उनीहरु चेतावनी सहितको स्पष्टिकरण सोधेर छोडिदिने गरिएकोले औषधि कम्पनीका मालिकहरु कारबाहीको दायरामा पर्नबाट जोगिदैं आएका छन् । विभागले स्पष्टिकरण सोधेपछि कम्पनीहरुले 'भूलबस् त्यस्तो औषधि बजारमा गएको पाइएकाले ती सबैलाई फिर्ता लिइएको छ' भन्ने व्यहोराको चिठी पठाउँछन् । त्यत्तिकै आधारमा विभागले कारवाही गरिएको भन्दै रेकर्ड राख्ने र प्रचार प्रसार गर्ने गर्छ । जस्तो- गत साता विभागले क्युमेड फर्मुलेसन प्रालि भक्तपुरले उत्पादन गरेको ५०० एमजीको लोभोफ्लोक्सासिन ट्याबलेट्स र लोमस फर्मास्युटिकल्स प्रालि गोठाटार काठमाण्डौले उत्पादन गरेको १०० एमजीको जेफिक्स र १०० एमजीकै डिस्प्रेसिवल ट्याब्लेट्स न्यून गुणस्तरको प्रमाणित भएको भन्दै स्पष्टिकरण सोधेको छ । गुणस्तर नपुगेका ब्याच नम्बरका औषधि बिक्री वितरण तत्काल रोक्का गर्न र बजारमा भएका औषधि फिर्ता गर्न ती दुई उद्योगहरूलाई निर्देशन दिइएको छ ।

विभागका सूचना अधिकारी सन्तोष केसीका अनुसार, विभागले सामान्य लेभलिङ नमिले न्यून गुणस्तरको मानिने गर्छ र त्यसको अवस्था हेरी बिक्री र उत्पादन समेत रोक्का गरिन्छ । कसैले गम्भीर गल्ती पटक पटक दोहोऱ्याएमा सम्बन्धित औषधि उत्पादनको अनुमति खारेजसम्मको कारवाही गरिन्छ ।

तर, यसरी कारवाही भएका घटना भने बिरलै मात्र छन् । उपभोक्ता अधिकारवादीहरु औषधि गुणस्तरहीन प्रमाणित हुँदा पनि विभागले ती औषधिको बिक्री रोक्का र बजारबाट फिर्ता गराउने मात्र निर्णय गर्नु दोषीलाई कारवाही नगर्नु बराबर हो । औषधि जस्तो संवेदनशील विषयमा स्पष्टिकरण सोध्नु र बजारबाट फिर्ता भएको भन्ने कम्पनीहरुकै जवाफलाई कुनै 'क्रस चेक' नगरी विश्वास गर्नु आफैमा हाँस्यास्पद हो ।

औषधि उद्योगहरु गुणस्तरीय औषधि उत्पादन गरे पनि बिक्रेताहरुले आवश्यक तापक्रम मिलाएर भण्डारण नगर्दा समस्या आउने गरेकोले कारवाही आफूहरुलाई होइन, बिक्रेताहरुलाई हुनु पर्ने बताउने गरेका छन् । प्रायःजसो औषधिहरु औषधिहरू २५ डिग्री सेल्सियस भन्दा कम तापक्रममा राख्नुपर्नेमा कैयौं स्थानमा त्यसभन्दा बढीमा राखिएमा गुणस्तर बिग्रन्छ । नेपालमा उपभोक्ताले खरीद गर्ने औषधिको गुणस्तर खस्किनुमा त्यहीकारण मुख्य रहेको उद्योगहरुले दावी गर्दै आएका छन् ।

उता, बिक्रेताहरू पनि उस्तै तापक्रममा राख्दा केही कम्पनीको कुनै कुनै औषधिको गुणस्तर मात्र किन नराम्रो देखियो भन्दै विभाग र उत्पादकसंग प्रश्न गर्ने गरेका छन् ।

विभागले कडा कारवाही हुन नसक्नुमा औषधि ऐन २०३५ को दफा १२ मा प्रत्येक औषधि तोकिएको स्तर कायम रहने गरी जनसुरक्षित, असरयुक्त र गुणस्तर युक्त हुनुपर्ने उल्लेख छ । तोकिएको स्तर नभएको औषधि उत्पादन, बिक्री वितरण, निकासी-पैठारी, सञ्चय वा सेवन गर्न मनाही गरेको गर्दै उक्त ऐनको दफा १४ मा जनसुरक्षित, असरयुक्त र गुणस्तर युक्त नभएका बाँकी पृष्ठ २ मा

# सजिलै पाइन्छ टिकट

यातायात व्यवसायीले असोज ११ गतेबाट दसैंमा घर जानका लागि लामो तथा मध्यम दुरीको बसको टिकट बुकिङ खुला गरिसकेका छन् ।

**राजेश केसी/मध्यान्ह**
काठमाडौ १७ असोज ।



नेपालीहरुको सबैभन्दा ठूलो पर्व दशैं शुरु हुन केही दिन मात्र बाँकी छ । यातायात व्यवसायीले असोज ११ गतेबाट दसैंमा घर जानका लागि लामो तथा मध्यम दुरीको बसको टिकट बुकिङ खुला गरिसकेका छन् । तर, टिकट काट्न जाने संख्या भने निकै कम देखिएको छ ।

अघिल्लो वर्षका कोरोना महामारी शुरु हुनुभन्दा अघिका दसैँहरूमा टिकट खुल्नासाथ काठमाण्डौको नयाँ बसपार्कमा टिकट काट्न मारामार चल्थ्यो । २ वर्ष अगाडिसम्म करिब १८ देखि २० लाख मानिसले दशैं मान्न काठमाडौं छोड्ने गरेको छ । अघिल्लो वर्ष कोरोना उत्कर्षमा रहेकोले दशैंमा घर फर्किनेहरुको संख्या अति न्यून भए पनि यसपटक महामारी केही मत्थर भएको र उपत्यकामा अधिकांशले खोप समेत लगाइसकेकाले घर फर्किनेहरुको चाप फेरि अनुमान गरिएको थियो । तर, अनुमान गरिएभन्दा अवस्था उल्टो रहेको र दशैंको बेला समेत सीट खाली राखेर गाडी कुदाउनुपर्ने अवस्था रहेको व्यवसायीहरु बताउँछन् ।

कोरोना संक्रमणको कारण वैशाखदेखि बन्द गरिएको लामो तथा मध्य दूरीका सार्वजनिक सवारीलाई साउनको पहिलो साताबाट सञ्चालन गर्न अनुमति दिइएको थियो ।

त्यसपछि सञ्चालनमा आएका सार्वजनिक सवारीले दैनिक २० देखि २५ हजार यात्रु बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारका समस्या समाधान गर्न व्यवसायीहरुद्वारा ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) र वैदेशिक रोजगारका अन्य क्षेत्रमा रहेका समस्या तत्काल समाधान गर्न वैदेशिक रोजगार विभागका महानिर्देशक दीपक काफ्लेको ध्यानाकर्षण गराएको छ ।

एशोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालको नेतृत्वमा आइतबार बिभाग गएको एशोसिएसनको प्रतिनिधि मण्डलले व्यवसायीले समाधान गर्नुपर्ने समस्याको बारेमा पटक- पटक विभागको ध्यानाकर्षण गराएपनि समाधान हुन नसकेको भन्दै महानिर्देशक काफ्लेको पुनः ध्यानाकर्षण गराएको मध्यान्हलाई जानकारी दिए ।

विभागका यसअघिका महानिर्देशक कृष्णप्रसाद दवाडीको कार्यकालमा पूर्व स्वीकृतिपछि पहिलोपटक विज्ञापन प्रकाशित भएको मितिले ३ महिनाको अवधिमा कामदार छनौट गरी छनौट सूची फेमिसमा अपलोड गर्ने सहमति भएको तर विभागले आफ्नो सूचना प्रणालीमा सातदिन भित्र कामदारको सूची अफलोड नभएमा पुनः विज्ञापन गर्नुपर्ने पुरानै सिष्टम कार्यान्वयन गरेकोले समस्या भएको कारणले महानिर्देशकको ध्यानाकर्षण गर्न बाध्य भएको अध्यक्ष ढकालले बताए ।

यसका अतिरिक्त धेरै अगाडिदेखि व्यवसायीलाई म्यानपावर कम्पनीको शाखा कार्यालय सञ्चालनको अनुमति दिने भनिएपनि हालसम्म त्यसको कार्यान्वयन नभएकोले समस्या परेको, जिट्को लाइसेन्स व्यवस्थित हुन नसकेको लगायतका विषय उठाई ध्यानाकर्षण गरिएको उनले बताए ।

विगतमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रालयको रोजगार समन्वय महाशाखा प्रमुख सहसचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा व्यवसायी समेतको सहभागितामा गठित ९ सदस्यीय कार्यदल गठन गरेपनि समस्याको समाधान नहुँदै निष्क्रिय भएकोले त्यसलाई सक्रिय पार्नुपर्ने र त्यसका लागि विभागिय प्रमुखका हैसियतले विभागका महानिर्देशकले भुमिका खेलिदिन आग्रह समेत गरिएको ढकालले बताए ।

त्यस्तै व्यवसायीले राखेका मागका सम्बन्धमा छलफल गरी प्रतिवेदन दिन विभागले विभागका तत्कालिन सूचना अधिकारी तथा निर्देशक टिकामणि नेउपानेको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको र उक्त कार्यदलले फेमिसको प्रयोगमा रहेका जटिलता हटाइ सहजिकरण गर्ने सहमति जनाएको तर हालसम्म पुरानै प्रणाली रहेको कारणले व्यवसायीहरुले अनावश्यक खर्च र झन्झटिलो अवस्था झेल्नुपरेको विषयमा पनि ध्यानाकर्षण बाँकी पृष्ठ २ मा




## युएईमा एक नेपालीले जिते करीब ४५ लाख

**युएई, मस-** युएईको मनी एक्सचेन्जबाट घरमा पैसा पठाउने एक नेपाली कामदारले एक किलो सुन, करीब ४५ लाख रूपैयाँ जितेका छन् । त्यहाँको अल अहलिया एक्सचेन्ज मार्फत नेपाल पैसा पठाउदै आएका इलाम जमुनाका नरेन्द्र मगरले आइतवार भएको लक्की ड्र मा एक किलो सुन जितेका हुन ।

एक्सचेञ्जका अपरेसन प्रमुख कमल सुब्बाले विगत दुई वर्षदेखि युएईको ट्रान्सगार्ड कम्पनीमा वेटरको पदमा काम गरिरहेका नरेन्द्रले उक्त सुन जितेको बताए ।नरेन्द्रले गत जुनमा बरदुबईमा रहेको एक्सचेन्जको शाखाबाट सात सय दिहराम नेपाल पठाएका थिए । गत १६ मेदेखि १४ जुलाईसम्म चलाइएको समर सरप्राइज बाँकी पृष्ठ २ मा

UAE मा रोजगारको अवसर | कम्पनी : RAK CLEANING SOLUTIONS LLC.
शहरः ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/०६/१७ चलानी नं.: ६०१६४६८३ LT. No.: 247587

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 300 | स. काममा दक्ष | 800 | २५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

Perfect Recruiting Service Pvt. Ltd.
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Mob: 9802071039, 9803632493, 9841390685, 9828010982, 9857821827
Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com

# विप्लव नेतृत्व नेकपाको भातृ संगठन विस्तार




**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, १७ असोज

विप्लव नेतृत्वको नेकपाको भातृ संगठन अन्तर्गत मध्यपूर्वमा नेपाली जनप्रगतिशिल मोर्चाको प्रथम अधिवेशन सम्पन्न भएको छ । भर्चुअल रूपमा सम्पन्न पहिलो अधिवेशनले समर खत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

संस्थापक मूल कमिटी अन्तर्गत मोर्चामा मध्यपूर्वका देशहरु कतार, युएइ, ओमन, इराक, साउदी, कुवेत सहभागी रहेका छन् ।

यूएइमा लामो समयदेखि नेपाली कामदारको हक हित तथा अधिकारको पक्षमा काम गरिरहेका खत्रीको नेतृत्वमा बनेको समितिको वरिष्ठ उपाध्यक्षमा एस.ट, उपाध्यक्ष विकल्प (कुवेत), क्रान्ति (युएई), गोमा थापा (कतार), माधव घिमिरे (साउदी अरब) रहेका छन् । त्यसै गरी, महासचिव साजन गुरुङ (कतार), सचिव तिलक पुन (साउदी), ओम दवाडी (ओमन), कोषाध्यक्ष कमल पोखरेल (यूएइ) रहेका छन् । नयाँ कार्यसमितिको प्रवक्ताको जिम्मेवारी अशोक केसी (यूएइ) लाई दिइएको छ ।

कार्यसमितिको केन्द्रीय समितिका सदस्यहरूमा मनमोहन सिंह, सुवास गिरी, ज्ञानेन्द्र राज भारती, खिम बहादुर पुन, विवश जिम्मा कतारबाट रहेका छन् । त्यस्तै तोया भट्ट, सुवास मगर, कैलाश मैनाली 'किसु', पर्सा राम मगर साउदी, आरजिएम मगर, देव तामाङ, हरिचन्द्र झाँक्री, प्रेम सुब्बा युएई, डिएस नेपाल, शेरबहादुर खड्का, रुपेश क्षेत्री, मार्सल, पशुपति खड्का, अर्जुन खड्का, हरि रोक्का इराकबाट रहेका छन् । अधिवेशनले वेद बोहरा र राजेन्द्र लिम्बू (कतार) तीर्थ पाखिन (साउदी) लाई सल्लाहकार समितिमा चयन गरेको नव निर्वाचित सचिव तिलक पुन मगरले मध्यान्हलाई जानकारी दिए ।

# दशैं तिहारको मुखमै खाद्य अभाव हुने चिन्ता

**नहकुल जोशी/मध्यान्ह**
बाजुरा, १७ असोज

दशैं तिहार जस्ता ठूला चाडवाड नजिकिँदै गर्दा बाजुराको उत्तरपूर्वी क्षेत्रमा भने खाद्यान्न लगायत दैनिक उपभोग्य बस्तुको चरम अभाव भएको छ । 'दशैं तिहार जस्तो महानचाड नजिकै आइ सक्यो । खेतमा बाली पोकेको छैन भने बजारमा खाद्यान्न पाइँदैन' बुढीनन्दा नगरपालिका वडा नं १ का स्थानीय पूर्णप्रसाद जैशीले गुनासो गरे । जिल्लाको तल्लो क्षेत्रमा धान, कोदो लगायतका खाद्य बालि दशैंको आसपासमा पाक्ने भएपनि माथिल्लो क्षेत्रका नागरिकलाई भने बजारकै खाद्यान्नमा भर पर्नुपर्ने भएपनि बाजुराका स्थानीय बजारमा खाद्यान्न नपाइएपछि उपभोक्ता मारमा परेका छन् ।

बजारमा खाद्यान्न पाइएको छैन भने कोल्टीमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा चामल अभाव भएको लामो समय भएको छ । अघिल्लो आर्थिक वर्षमा बाजुराको कोल्टी डिपोका लागि १० हजार क्वीन्टल खाद्यान्नको कोटा स्वीकृत भएपनि ८ हजार ५ सय क्वीन्टल मात्र आएर बिक्रि भइ सकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.कोल्टीका प्रमुख नविन आचार्यले बताए । उनले बाटो अवरुद्ध भएका कारण वाकी रहेको १ हजार ५ सय क्वीन्टल चामल आउन नसक्दा खाद्यान्नको अभाव सिर्जना भएको स्वीकार गरेका छन । नजिकीँदै गरेको चाडबाडलाई लक्षित गरी आइतबार मात्र यो वर्षको स्वीकृत कोटामध्ये ४ सय ५० क्वीन्टल चाम आएको र आगामी मंगलबार देखि वितरण थालिने आचार्यले बताए । उनले यस आर्थिक वर्षमा बाजुराका लागि ६ हजार क्वीन्टल चामलको कोटा स्वीकृत भएपनि बाटो नबनेकाले ढुवानीमा हुने समस्या यथावत् रहेको बताए । उनले त्यो चामल त बढीमा ३ दिनसम्म वितरणमा पुगे पनि



समयमै ढुवानी हुन नसके खाद्यान्न अभाव यथावत रहने बताए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड डिपो कोल्टीमा पनि चामल नभएको बेला बजारमा पनि चामलको अभाव चुलिएको छ । यसअघि २५ किलोको १ हजार ७ सय पर्ने जिरा मसिनो चामलको अहिले बजार मूल्य २ हजार ५ सय भन्दा बढी पर्ने भए पनि चामल नपाइएको स्थानीयको गुनासो छ । बाजुराको कोल्टीसम्म पुग्ने बाटो तीन महिनादेखि अवरुद्ध हुँदा खाद्यान्न ढुवानी हुन सकिरहेको छैन भने व्यापारीले ल्याएको खाद्यान्न महंगोमा किन्नुपर्ने बाध्यतामा उपभोक्ता रहेका छन् । यता कोल्टी उद्योग वाणिज्य संघका अध्यक्ष काशीराम थापाले चाडपर्वलाई लक्षित गरी व्यापारीले खच्चडबाट खाद्य सामग्री ढुवानी गरेका कारण पनि खाद्यान्न लगायत सामग्री महंगो भइ रहेको बताए । उनले अहिले सडक बाटो बन्द भएको र हवाइजहाजबाट र खच्चडबाट सामान ढुवानी गर्नुपर्दा महंगो भै रहेको बताए । बाजुराको कुन्डा क्षेत्रमा सडक यातायात सञ्चालन हुन थालेको करिव १० वर्ष पुग्न लाग्दा पनि सडक नियमित चल्ने हुन सकिरहेको छैन । बरु यसअघि खच्चडबाट ढुवानी गर्दा खाद्यान्न लगायत सामग्री सजिलै पाइने गरेको सम्झदै स्थानीय टेकेन्द्र खत्रीले गाडी पुग्न थालेपछि दैनिक उपभोग्य वस्तु महंगो हुने र समयमै उपलब्ध नहुने समस्या थपिएको बताए ।

चामल अभावमा कुनै समय लाइनमा बस्ने गरेको सम्झदै स्थानीय खत्रीले सो समस्या फेरि पनि आइलागेको बताए । उनले मानिसहरुलाई कोरोना भन्दा पनि खाद्यान्नको पिरले सताउने गरेको बताए । यस वर्ष लगातार वर्षा आएपछि बालीनालि पनि नपाकेको र बजारमा दशैंको मुखमै चामल, दाल, ग्यास लगायतका दैनिक उपभोग्य वस्तु सुलभ मूल्यमा सहजै नपाइएपछि उपभोक्ता दैनिक रित्तो हात फर्किन बाध्य भएका उनको भनाइ छ ।

## स्पष्टिकरण....

औषधि फिर्ता गराउने उल्लेख छ । ऐनको दफा १५ मा न्यून गुणस्तरको औषधिबाट कसैको मृत्यु भएमा वा स्वास्थ्यमा हानी हुन गएमा औषधिको उत्पादन गर्ने व्यक्ति जबाफदेही हुने र पीडित वा पीडितको हकवालालाई तोकिएबमोजिम क्षतिपूर्ति उत्पादन गर्ने व्यक्तिले दिनुपर्ने उल्लेख छ ।

संहितालाई वेवास्ता

मुलुकी अपराध संहिता २०७४ का अनुसार औषधि बिक्रेताले स्वास्थ्यकर्मीको विना कसैलाई मानव शरीरमा गम्भीर असर हुने कुनै लागु औषध, विषादी वा जोखिमपूर्ण औषधि बिक्री वितरण गरेमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजायू हुने व्यवस्था गरिएको छ ।

उक्त संहिताको दफा २३५मा कसैले जानीजानी औषधिको असर शून्य वा घटी वा बदलिने वा हानिकारक हुने गरी कुनै औषधिमा मिसावट गर्न वा त्यसरी मिसावट भएको औषधि वा अन्य कुनै वस्तुलाई औषधि भनी बिक्री गर्न वा उपचारको निमित्त कसैलाई दिन वा कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गर्न वा गराउन लगाउन नहुने भन्दै कसैले त्यस्तो गरेमा परिस्थिति अनुसार फरक फरक कारबाहीको व्यवस्था गरिएको छ ।

## सजिलै...

लिएर काठमाडौंबाट बाहिरिने गरेका थिए । असोज लागेपछि भने दैनिक ३७ हजार मानिसहरुले काठमाडौं उपत्यका छोडिरहेको ट्राफिक प्रहरीले जानकारी दिएको छ । जबकी, असोज लागेपछि दैनिक रुपमा काठमाडौं उपत्यकाभित्र आउने यात्रुको दैनिक करिब ३३ हजार रहेको देखिएको छ ।

## वैदेशिक...

गरेको अध्यक्ष ढकालले जानकारी दिए । मन्त्रालयका तत्कालिन सचिव तोयम रायाको कार्यकालमा नै शाखा कार्यालय सञ्चलानका विषयमा कार्यविधि बनाई विभागले व्यवसायीहरुलाई सूचना गर्ने सहमति भएपनि सचिवको परिवर्तनपछि उक्त विषय ओझेलमा पारिएको, कोरोना भाइरस (कोभिड-१९) का कारण वैदेशिक रोजगारी गुमाई आएका कामदारका उजुरी सुनुवाई गर्ने, अनुगमनलाई यथार्थपरक बनाउने र जापानको रोजगारी र घरेलु कामदार पठाउन एउटै लाइसेन्स बनाउने जस्ता विषयलाई तत्काल समाधान गर्नुपर्ने व्यवसायीका मागमा विगतमा सहमति नजिक पुगेको तर कार्यान्वयनमा नआउँदा समस्या बढेको विषयमा पनि महानिर्देशक काफ्लेको ध्यानाकर्षण गरेको अध्यक्ष ढकालले जानकारी दिए । जवाफमा महानिर्देशक काफ्लेले आफू वैदेशिक रोजगार प्रशासनका समस्या समाधानका लागि गम्भीर रहेको भन्दै सकेसम्म छिटो समाधान दिन लागि पर्ने आश्वासन दिएका थिए । एशोसिएसन प्रतिनिधि मण्डलमा कार्यसमितिका पदाधिकारी तथा सदस्य एव सल्लाहकारहरूको सहभागिता रहेको थियो ।

## युएईमा...

अफर अन्तरगत विदेश रकम पठाउनेमध्ये एक जनालाई मेघा ड्र मार्फत एक केजी सुन उपहारको व्यवस्था गरिएको थियो ।

वैदेशिक रोजगारमा गएको कामदाले ५० ग्राम भन्दा धेरै सुन नेपाल ल्याउन नपाउने व्यवस्थाका कारण मगरलाई एक्सचेन्जले सुनको सट्टा नगद दिने बताएको छ । लक्की ड्र भएको दिन स्थानीय बजारमा रहेको सुनको मूल्य अनुसार नरेन्द्रले ४४ लाख ७८ हजार ९ सय ५२ रुपैयाँ पाउने भएका छन् । एक्सचेन्ज लक्की ड्र गर्दा नरेन्द्र भने काममा व्यस्त रहेको बताइएको छ । सन् २०१३ मा नेपाली कामदार नेपाली रामबहादुर कटुवालले पनि एक लाख दिहराम जितेका थिए भने फागुनमा स्याङ्जाका छविलाल दर्जीले ४० हजार दिहराम जितेका सेन्चुरी रेमिटका युएई प्रमुख प्रकाश पौडेलले बताए ।


## साउदीमा रोजगारको अवसर | कम्पनी: ALNATOUR TRADING CO.

शहर : KSA

पूर्व स्वीकृत मितिः २०७८/०६/१७ चलानी नं.: ६०१६४६६८ L.T. No.:247269

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mashareq International Overseas (P) Ltd.**
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५



## UAE मा रोजगारको अवसर | कम्पनी : TRIHAL EMPLOYAMENT

शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/०६/०४ चलानी नं.: ६०१६३३५६ LT. No.: 245933 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laboure | 200 | 0 | स. काममा दक्ष | 800 | २५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज २५ गते (11 Oct. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत नं ८१०/०६५/०६६
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com



## साउदीमा रोजगार | कम्पनी : AL TALAL AL MUSHFA EST FOR CONTRACTING

शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०६/१७ चलानी नं.: ६०१६४६७४ LT. No.: 247138

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | main food provider | 2 | 0 | स. काममा दक्ष | 1500 | ४७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौ, नेपाल फोनः ०१-४७९३३४७, फ्याक्सः ०१-४७९३३४८



## Qatar मा रोजगार Sidra Agriculture Company

पूर्व स्वीकृति मितिः २०७८/०४/२४ चलानी नं. ६०१६११८९ LT No.: 243222 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 100 | साधारण | 1000 | ३२,६८८।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने। रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७८ असोज २५ गते ( 11 Oct. 2021) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**
श्रम इजाजत नं. ८८३/०६७/०६८
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४४५५५०, ४४३०००३



## कतारमा रोजगारको अवसर | कम्पनी : ABRAJ LUSAIL CLEANING AND HOSPITALITY

शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/१७ चलानी नं.: ६०१६४६६९ L.T. No.: 247434

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 2200 | ७१,४७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**INTERNATIONAL JOB LINK PVT. LTD.**
Govt. Lic. No.: 700/063/064
Bhimsengola-9 old Baneshor, Kathmandu, Tel: 4585541, P.O. Box: 11412, Mob.: 9880983224
Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np



## कतारमा रोजगार | कम्पनी: ROTOMECH TRADING AND SERVICES W.L.L.

शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/३२ चलानी नं.: ६०१६१५०६ LT. No.: 243919 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,४८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1800 | ५८,४८२ | | | | | | | |
| 3. | Cooker | 1 | 0 | | 1500 | ४८,७३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**R.P. International Consultancy P. Ltd.**
श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gmail.com, Web.: www.rpinternational.com.np



## SAUDI र UAE मा रोजगार | १. कम्पनी : RIYADH PETROLEUM COMPANY FOR FUEL

शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/१७ चलानी नं.: ६०१६४६५९ LT. No.:247319

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी :WOODLEMPARK SCHOOL PRIVATE L.L.C शहर: AJMAN

पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४६५८ LT. No.:247122

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Famale) | 0 | 30 | स. काममा दक्ष | 900 | २८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम इजाजत पत्र नं. ७१२/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com



**डुडुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बनकट्टी, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०७८/०६/१८ गते)

उपरोक्त सम्बन्धमा यस डुडुवा गाउँपालिकाको कार्यालयले मिति २०७८/०५/०९ मा ई-बिडिङ्गका माध्यमबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृत गर्न सिफारिस भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ (क) अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | सारभुत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना | कबोल रकम (मू.अ.क. र पि.एस.बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | DRM/NCB/WORK//04/ 2078-79 | ह्याण्डपम्प खरीद तथा सप्लाई गर्ने योजना | श्री ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स कोहलपुर-३, बाँके | २६,३२,०६५।५० | - |

प्रमुख प्रशासकीय अधिकृत

# नेपाल आयल निगम मासिक ३ अर्ब घाटामा

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १७ असोज




चाडपर्वको समयमा समाजमा विभिन्न किसिमका घटनाहरु घट्ने गर्दछन् । जस्तै, चोरी, लुटपाट, ठगी, जानाजानी मुल्यवृद्धि, तौलमा ठगी, गुणस्तरहिन सामान बिक्री, र म्याद गुज्रेका सामान बिक्री वितरण आदी । यी यावत कुराहरुले प्रत्यक्ष असर पुऱ्याउने भनेकै उपभोक्ताहरु हुन् । यी उपभोक्ताहरुको हकहितको निम्ती राज्यले सुरक्षा निकाय, वाणिज्य विभाग, खाद्य तथा गुणस्तर विभाग, आदि निकायहरुलाई बजार अनुगमनमा तीव्रता दिनुपर्ने हो तर राज्यको ढिलासुस्तीले अनुगमन फितलो छ ।

अहिले दशैंको लागी मानिसहरु बाहिरिने क्रम छ । राजमार्गका होटलहरुमा यात्रुहरु उतिकै महंगो र अस्वस्थ खाना खान बाध्य छन् । चाउचाउ, पानी देखि हरेक सामानमा मनपरी मुल्य तिर्न बाध्य पारिएको छ । चाडपर्व नजिकिँदै गर्दा उपत्यकाको विशेषगरी तीन जिल्लाका केहि मुख्य स्थानमा अनुगमन गरेको जस्तो भान पुऱ्याएको छ तर अनुगमन फितलो छ । यहि विषयलाई उजागर गर्न तराई विकास तथा सञ्चार केन्द्र नेपालले विभिन्न सम्बन्धित निकायहरु काठमाडौंका प्रमुख जिल्ला अधिकारी, ललितपुरका प्रमुख जिल्ला अधिकारी, भक्तपुरका प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष, खाध्य तथा गुणस्तर विभागका प्रमुख, नेपाल आयल निगमका प्रमुख, महानगरिय प्रहरी प्रभागका प्रवक्ता, राष्ट्रिय वाणिज्य तथा आपुर्ति विभागका प्रमुख, र नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव आदीसँग छलफल तथा अन्तर्क्रिया चलाएको छ ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल मर्हजनका अनुसार नेपाल सरकारले आम उपभोक्ताको हित विपरित ल्याउनै नहुने प्रतिस्थापन बजेट भनेर ल्याएको बजेटले बजार भाउमा प्रत्यक्ष प्रभाव पारेको बताए । उनले केहिदिनमा प्रेटोलियम पदार्थको मुल्य वृद्धि हुने र मुल्य बढाउँदा उपभोक्ताले थेग्ननसक्ने अवस्थामा पुगेकाले, सरकारले उपभोक्ताबाट मुल्य शुद्धिकरण कोष भन्दै उठाएका रकम ७३/७४ अर्व जम्मा भएको र सो रकम चाडवाडमा मुल्य समायोजनमा प्रयोग गरी मुल्य नबढाउन आग्रह गरेका छन् ।

महानगरीय प्रहरी प्रवक्ता सुसिल सिं राठौरले महानगर लगायत उपत्यकाको सुरक्षा संयन्त्र सबै सक्रिय रहेको बताए । आर्थिक अपराध, चोरी, लुटपाट, ठगी, मादक पदार्थ सेवन, लागूऔषध सेवन, सवारी दुर्घटना आदीलाई मध्यनजर गरी उपत्यकाको शान्तिसुरक्षा सुरक्षित र मजबुत बनाउनको लागी ७५/७५ जना प्रहरीहरु थप परिचालन गरी शान्तिसुरक्षालाई व्यवस्थित बनाउने र तालिम प्राप्त कुकुरहरुलाई नाकामा प्रयोग गरेका, १ सय ३१ ठाउँमा ट्राफिक चेकजाँच, ८० ठाउँमा पैदल गस्ती आदी गरी सुरक्षा निकायलाई चुस्तदुरुस्त बनाउने बताए ।

नेपाल आयल निगमका प्रमुख सुशिल भट्टका अनुसार अन्तर्राष्ट्रिय स्तरमा तेलको माग ह्वातै बढेकोले मुल्यवृद्धि हुनसक्ने बताए । अहिले निगमले प्रेट्रोलमा ९ रुपैयाँ १८ पैसा, मट्टीतेलमा ७ रुपैयाँ र एल पि जीमा ५ सय ११ रुपैयाँ घाटामा बेच्दा महिनामा ३ अर्ब घाटा व्यहोर्नु परेको बताए ।

# डडेल्धुरामा कांग्रेस दुई पक्षबीच झडप

**लक्ष्मण दत्त पाण्डेय/मध्यान्ह**
डडेल्धुरा, १७ असोज



डडेल्धुरामा कांग्रेसको वृहत् कार्यकर्ता भेलामा झडप भएको छ । आइतबार दिउँसो नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुरामा कांग्रेसकै दुई पक्षबीच झडप भएको हो । झडपमा ६ जना जति कार्यकर्ता सामान्य घाइते भएका छन् । केन्द्रीय सदस्य अर्जुनरसिंह केसी., डा. शेखर कोइराला र गुरुराज घिमिरे सहभागी कार्यक्रममा झडप भएको हो । भेलामा कार्यक्रम भइरहेका बेला देउवा पक्षले कालो झण्डा देखाउन खोज्दा झडप भएको हो । झडपपछि पनि कार्यक्रम भने जारी रहेको छ ।

जिल्ला सभापति कर्णबहादुर मल्ल र देउवाबीच बेलाबेलामा झडप हुने गरेको छ । जिल्ला सभापति कर्ण मल्ल समूहले विरोध जनाए पनि वडा अधिवेशन र पालिका अधिवेशन भएपछि जिल्लामा कांग्रेसको विवाद बढ्दै गएको छ । मल्ल समूहले अनसन पनि जारि राख्दै झन् शसक्त रुपमा असनलाई कडाइका साथ लैजानका निमित्त केन्द्रीय सदस्य अर्जुनरसिंह केसी, डा. शेखर कोइराला र गुरुराज घिमिरेले बताएका छन् । उनीहरुले अधिवेशन फेरि हुनुपर्ने माग गरेका छन् ।

# नि:शुल्क स्वास्थ्य शिविरमा ३ सय १९ जनाले लिए सेवा



**पवन जयसवाल/मध्यान्ह**
नेपालगन्ज, १७ असोज

बाँकेको नेपालगन्ज उपमहानगरपालिका डुडुवा गाउँपालिका ६ मा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा ३ सय १९ जनाले सेवा लिएका छन् ।

नेपालगन्ज नगरको दक्षिणी सिमानामा जोडिएको नरैनापुर गाउँमा शनिबार आयोजित नि:शुल्क स्वास्थ्य शिविर र आँखा शिविरमा लामो लाममा घण्टौं उभिएर सर्वसाधारणले सेवा लिएका थिए । शिविरको लागि स्थानीय संयोजनको भूमिकामा रहेका स्थानीय अगुवा गुरुद्दीन यादवले भने 'हामीले २ दिन अगाडिदेखि मात्र शिविर हुँदैछ भनेर गाउँका केही व्यक्ति मार्फत् सूचना गरेका थियौं, तर विभिन्न वडा नं. ६ अन्तर्गतका ११ वटा गाउँबाट यति धेरै मानिस आइरिए कि हामी आफैँलाई आश्चर्यमा पर्‍यौं' यादवले थपे, 'पर्चा पम्प्लेट, सञ्चारमाध्यम लगायत कुनै पनि माध्यम प्रयोग गरेनौं । तर, नि:शुल्क स्वास्थ्य सेवा पाउन लालायित गाउँलेहरुको आइरो साँझ ४ बजेसम्म रहिरह्यो, स्वास्थ्यकर्मीहरुको टिमले ४ बजेपछि मात्र खाना खाने फुर्सद पाए ।' ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्र बाँकेको आयोजनामा सम्पन्न उक्त नि:शुल्क स्वास्थ्य शिविर र नि:शुल्क आँखा शिविरमा सर्वसाधारणको घुइँचो लागेको देख्दा उनीहरु स्वास्थ्य सेवाको सहज पहुँचबाट अझै पनि टाढा छन् भन्ने प्रष्ट हुन्छ ।

शिविरमा ३ सय १९ जना सर्वसाधारणले तीन जना चिकित्सकहरुबाट स्वास्थ्य परीक्षण गराएर नि:शुल्क औषधि समेत प्राप्त गरेका छन् । आयोजक संस्थाकी अध्यक्ष लता शर्माले दिनु भएको जानकारी अनुसार अन्तर्राष्ट्रिय अहिंसा विरुद्धको दिवसको दिन पारेर शनिवार विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म सञ्चालित शिविरबाट लाभान्वित ३ सय १९ जना मध्ये महिला १ सय ७९ जना र पुरुष १ सय ४० जना थिए भने सबभन्दा कम उमेरका ४ महिनाको बच्चादेखि ९० वर्षका वृद्धासम्मले समेत सेवा लिएका छन् ।

केन्द्रकी अध्यक्ष शर्माले उक्त शिविरमा आँखा स्वास्थ्य परीक्षण गराउनेहरु १ सय ६९ जना थिए भने सबभन्दा कम उमेर दुई वर्षाको बालकदेखि ९० वर्षीय वृद्धाले आँखा परीक्षण गराएर नि:शुल्क औषधि प्राप्त गरेका थिए ।

उक्त शिविरमा पिसाबको संक्रमण, ढाड र घुँडाको दुखाई, मुटु, हाइपरटेन्सन, मधुमेहको जस्तै लक्षण र कानको समस्या लगायतका समस्या बढी देखिएको नेपालगन्ज मेडिकल कलेजका मेडिकल अधिकृत डा. मोहम्मद आजामले बताए । महिलाहरुको सेतो पानी बग्ने आदि सम्बन्धि समस्याबाट पीडितहरु बढी आएका नेपालगन्ज मेडिकल कलेजका मेडिकल अधिकृत डा. क्योको सिंहले बताए । त्यस्तै आँखामा मोतिया विन्दू, एलर्जी, मासु पलाउने र दुरदृष्टिको बढी समस्या देखिएको नेपालगन्ज मेडिकल कलेजका नेत्र रोग विशेषज्ञ जितेन्द्र कुमार वर्माले बताए ।


**कम्पनीको नाम/ठेगाना परिवर्तनको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०६/१८

यस कम्पनीको मिति २०७८/०६/१० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साहिल एकेडेमी इङ्गलिस बोर्डिङ्ग स्कूल सर्लाही प्रा.लि. (प्रा.लि. नं. १३०७००)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियल लाइफ एकेडेमी सर्लाही प्रा.लि.** साथै साविक ठेगाना सर्लाही-०४, जनकपुरबाट परिवर्तन गरी गोडैटा नगरपालिका-०९, सर्लाही कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/११/०१ मा दर्ता भएको **प्रा.लि. नं. १६३५९३** को **आर. भट्टचन रियल स्टेट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**साउदीमा रोजगार** | कम्पनी : ABDULLAH H AL MUTAWA SONS CO FOR CONTRACTING
शहर: DAMMAM

पुर्व स्वीकृत मिति: २०७८/०१/०३ चलानी नं.: ६०१५७४३५ L.T. No.: 239135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Mason | 1 | 0 | | 1200 | ३७,८४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज १५ गते (11 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,
फोन: ०१-४३८४८८९, ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४८४१
मो.: ९८४१४२२१८८, ९८०३५९१९५७, ९८१८८५६६५५, ९८०१०८५७२६, ९८१३१७२६२३



**साउदीमा रोजगार** | कम्पनी : FAISAL FAHAD SALEH AL RUMAIH CAR SERVICES EST
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०६/१७ चलानी नं.: ६०१६४६८५ LT. No.: 246048

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Washing And Lubricant Vehicle Agent | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २५ गते (11 October 2021) मा हुनेछ ।

